# लालबन्दी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

लालबन्दी, सर्लाही

# बजार ठेक्का लगायत अन्य ठेक्कासँग सम्बन्धित सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७५/०५/१४**

स्थानीय सरकार संचालन ऐन, २०७४ तथा लालबन्दी नगर आर्थिक ऐन, २०७५ अनुसार लालबन्दी नगरपालिका, सर्लाहीको क्षेत्राधिकार भित्र पर्ने जनज्योति मा.वि. अन्तर्गत तथा नवलपुर बजार अन्तर्गतका देहायका बजारहरुको र लालबन्दी नगरपालिकाको व्यवसायिक भवनको आन्तरिक श्रोत तर्फको कर, नगर विकास शुल्क तथा दस्तुर लालबन्दी नगरपालिकाबाट स्वीकृत दर रेटमा आ.व. २०७५/२०७६ का लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुवाट व्यक्तिको हकमा नागरिकता प्रमाणपत्रको प्रतिलिपी, फर्म वा कम्पनीको हकमा फर्म नविकरण भएको प्रमाण-पत्र, मूल्य अभिवृद्धि कर तथा आ.व. २०७३/०७४ को कर चुक्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपिहरू सहितको लिखित निवेदनको साथै तोकिएको दस्तुरमा बोलपत्र फाराम यस कार्यालय तथा तोकिएको तपशिलमा उल्लेखित वडा कार्यालयहरुबाट खरिद गरि रितपूर्वकको गोप्य शिलबन्दी बोलपत्रहरू १५(पन्ध्र) दिनभित्र पेश गर्न नगर कार्यपालिकाको मिति २०७५।०५।०९ को निर्णय अनुसार सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| ठेक्का सि.नं. | ठेक्काको किसिम | क्षेत्र | न्युनतम अंक | बोलपत्र फाराम | कैफियत |
|---|---|---|---|---|---|
| २ | टमाटर तथा फलफुल बजार, नवलपुर | लालबन्दी न.पा., नवलपुर वजार | ५,५०,०००।०० | १०००।- | (दोश्रो पटक प्रकाशित) |
| ३ | राँगा /मासु वजार, नवलपुर | लालबन्दी न.पा., नवलपुर वजार | २४,०००।०० | १०००।- | (दोश्रो पटक प्रकाशित) |
| ५ | सुंगुर बजार , नवलपुर | लालबन्दी न.पा., नवलपुर वजार | १,२०,०००।०० | १०००।- | (दोश्रो पटक प्रकाशित) |
| १० | खसी, बाख्रा एवं राँगा मासु तथा सो आसपासको बजार, लालबन्दी | लालबन्दी न.पा., स्कुल बजार | १४,००,०००।०० | १०००।- | |
| ११ | लालबन्दी न.पा.को व्यवसायिक भवन | लालबन्दी न.पा., ७ (पुरानो चौकी भएको स्थानको भवन, भुंई तल्ला) | १४,४०,०००।०० | १०००।- | (होटल र ग्रील उद्योग राख्न बाहेक) |

**शर्तहरू**

१. ठेक्का अवधि आ.ब. २०७५/०७६ को शुरू देखि २०७६ आषाढ मसान्त सम्म हुनेछ।

२. आफुले कवोल गरेको अंकको नेपाली नागरिक भए ५% र विदेशी नागरिक भए १०% धरौटी राष्ट्रिय वाणिज्य बैंक, लालबन्दी शाखा स्थित लालबन्दी नगरपालिकाको धरौटी खाता नम्बर **१२८०३०३००७१०२** मा जम्मा गरि सो को अर्धकट्टीको सक्कलै भौचर सिलबन्दी बोलपत्र साथ पेश गर्नुपर्नेछ।

३. बोलपत्रदाताले आफुले कबोल गरेको रकमलाई अंक र अक्षरमा स्पष्ट साथ लेख्नुपर्नेछ ।अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ।

४. सवै किसिमको ठेक्कामा हालको कानूनी व्यवस्थामा केन्द्र/प्रदेश सरकारवाट अन्य निर्णय भई आएमा सोही वमोजिम हुनेछ। आफूले कबोल गरेको ठेक्कामा लाग्ने नेपाल सरकारको कर, शुल्क बोलपत्र दाता स्वयंले व्यहोर्नुपर्ने छ ।

५. स्वीकृत बोलपत्र दाताले आफुले कवोल गरेको कुल रकम ठेक्का सि.नं. १२ बाहेक बोलपत्र स्विकृत भएको मितिले ७(सात) दिन भित्र कुनै छुट नहुने गरी एकमुष्ट रकम बुझाउनुपर्नेछ। सो को आधारमा सम्झौता गरिनेछ। उक्त एक मुष्ट नगद नबुझाएमा निजको धरौटी जफत गरी प्रचलित कानून वमोजिम कार्वाहीं गरिनेछ। ठेक्का सि.नं. १२ को हकमा आफुले कबोल गरेको प्रत्येक महिनाको मासिक हुन आउने रकमा अघिल्लो महिनामा अनिवार्य अग्रीम भुक्तानी गर्नु पर्नेछ। सो सम्वन्धमा धरौटी रकम जोड्न पाईने छैन। यदी कबोलकर्ताले अग्रीम रकम उलब्ध नगराएमा निजको धरौटी सदरस्याहा गरी थप कार्वाही अघि बढाईनेछ। उक्त अनुसार सि.नं. १२ को घरबहाल पाँच वर्षसम्मका लागी दिन सकिनेछ। प्रत्येक दुई बर्षमा १० प्रतिशत कबोल अंकको रकम वृद्धि गरिनेछ र पाँचौं वर्ष सम्ममा पुनरावलोकन गरिनेछ।

६. लालबन्दी नगरपालिकालाई तिर्नुपर्ने बाँकी रकम तथा जिन्सी सामानहरू तिर्नुपर्ने वक्यौता देखिएमा त्यस्ता व्यक्तिहरुको नाममा ठेक्का स्वीकृती हुने छैन र निजको बक्यौता रकम धरौटीवाट असूल उपर गरि बाँकी रकम भुक्तानी गरिनेछ।

७. जुन व्यक्ति वा फर्मको नामबाट बोलपत्र खरिद भएको हो सोही व्यक्ति वा फर्मको नामबाट मात्र बोलपत्र दर्ता गर्न सकिनेछ ।अन्य व्यक्ति वा फर्मको नामबाट दर्ता गराएको बोलपत्रलाई मान्यता दिइने छैन। साथै हुलाक सेवा, कुरियर आदिबाट पठाएको बोलपत्र स्वीकार्य हुने छैन। शिलबन्दी खाममा कुन कुन ठेक्काको लागि बोलपत्र दाखिला गरेको हो स्पष्ट रुपले खुलाउनु पर्नेछ। साथै बोलपत्र दाताको नाम र ठेगाना स्पष्ट रूपले खामको बाहिर उल्लेख गरेको हुनु पर्नेछ।

८. माथि उल्लेख भएको ठेक्काहरुमध्ये सवै वा छुट्टा छुट्टै रुपमा बोलपत्र/प्रस्ताव पेश गर्न सकिनेछ। उक्त बमोजिम पर्न आएको बोलपत्रहरू स्वीकृती गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

९. यो सूचना प्रकाशित भएको मितिले १५औं दिन भित्र बोलपत्र फाराम लालबन्दी नगरपालिका वडा नं. १ र २ को संयुक्त वडा कार्यालय, नवलपुर, १७ नं. वडा कार्यालय, रानीगंज तथा लालबन्दी नगर कार्यपालिकाको कार्यालयबाट खरिद गरी १६औं दिनको १२:०० बजे भित्र उल्लेखित निकायहरुमा दर्ता गराउनु पर्नेछ र सोही दिनको २:०० बजे बोलपत्र खोल्ने कार्य हुनेछ। बोलपत्र फाराम दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा लगतै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ। एक पटक दर्ता भै सकेको बोलपत्र फिर्ता हुने छैन।

१०. बोलपत्र ठेक्का सम्बन्धी अन्य कुनै कुरा बुझ्नु परेमा कार्यालय समयभित्र लालबन्दी नगर कार्यपालिकाको कार्यालयमा सम्पर्क गरी बुझ्न सकिनेछ।

**साथै, आ.व. २०७५।०७६ को लागि यस कार्यालयलाई आवश्यक पर्ने वस्तु तथा सेवा खरिद कार्य गर्न विषयगत रूपमा मौजुदा सूचीका लागि सूचिकृत गर्नु हुन समेत सम्बन्धित सबैका लागि अनुरोध छ। उक्त सम्बन्धी विस्तृत जानकारी कार्यालयको वेभ साईट www.lalbandimun.gov.np मा रहेको छ।**

**प्रमुख प्रशासकीय अधिकृत**